# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

**खण्ड ७) मुसिकोट,गुल्मी, माघ २० गते,२०८० साल (संख्याः१०**


# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाको सामाजिक सुरक्षा तथा समाज कल्याण ऐन,२०८०

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरसभाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सामाजिक सुरक्षा तथा समाज कल्याण ऐन,२०८०

प्रस्तावनाः

आर्थिक रुपले विपन्न,सिमान्तकृत,अशक्त र असहाय अवस्थामा रहेका नागरिक,महिला, बालबालिका,दलित,आदिवासी/जनजाति,शि शिक्षाले योग्य भैकन पनि बेरोजगार रहेका युवा,अपाङ्ता भएका,आफ्नो हेरचाह आफै गर्न नसक्ने र जेष्ठ नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने तथा सामाजिक रुपले पछाडी परेका व्यक्ति तथा समुदायलाई सामाजिक समावेशिकरण,समानता र समताको माध्यमबाट विकासको मुलधारमा ल्याई विकासको प्रतिफल समानुपातिक तथा न्यायोचित ढंगबाट वितरण गर्ने सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रम मार्फत समाज सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापहरुलाई विकास निर्माण र नगरपालिकाको अन्य कार्यहरुसँग सम्बद्ध गराई समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समदुायलाई मानवोचित जीवन यापन गर्न सक्षम तुल्याउन, समाजसेवी स्यवम्सेवी संघ संस्था तथा व्यक्तिहरुको मर्यादा र प्रतिष्ठा बढाउन तथा गैर सरकारी सामाजिक संघसंस्थाहरूको काम कारवाहीमा समन्वय गर्नका निम्ति कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले मुसिकोट नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम “सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि व्यवस्था गर्ने बनेको ऐन २०८०” रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएपछि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “समाज कल्याण कार्य”भन्नाले समाजका कमजोर, असहाय र असक्त व्यक्तिका लागि सेवा पुऱ्याउन र समाजका पिछडिएका वर्गलाई आर्थिक एवं सामाजिक रुपमा सक्षम बनाउन गरिने सामाजिक कार्य सम्झनु पर्छ ।

(ख) “समाज सेवा”भन्नाले नाफाको उद्देश्य नराखि व्यक्तिगत वा सामुहिक रुपमा गरिने समाज कल्याण कार्य सम्झनु पर्छ ।

(ग) “सामाजिक संघ संस्था” भन्नाले समाज कल्याण कार्य गर्न प्रचलित कानुन बमोजिम स्थापना भएका र समाज सेवामा संलग्न गैर सरकारी सामाजिक संघ संस्था सम्झनु पर्छ ।

(घ) “समिति ”भन्नाले दफा ५ बमोजिम स्थापना हुने सामाजिक सुरक्षा तथा समाज कल्याण निर्देशक समिति सम्झनु पर्छ ।

(ङ) “अध्यक्ष”भन्नाले निर्देशक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(च) “सदस्य”भन्नाले निर्देशक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य–सचिवलाई समेत जनाउनेछ ।

(छ) “विधान”भन्नाले यस ऐन बमोजिम समितिमा आवद्ध संघ संस्थाको विधान सम्झनुपर्छ ।

(ज) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम/कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) “युवा” भन्नाले १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको व्यक्तिलाई सम्झनुपर्छ ।

३. लक्षित वर्गः

यस ऐन अन्तर्गत सञ्चालन हुने सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रमका लागि देहाय बमोजिमका व्यक्ति तथा समुदाय कार्यक्रमका लक्षित वर्ग हुनेछन् ।

(क) जेष्ठ नागरिक,

(ख) आर्थिक रुपले विपन्न, सिमान्तकृत र अल्पसंख्यक

(ग) अशक्त र असहाय अवस्थामा रहेका ,

(घ) असहाय एकल महिला/पुरुष

(ङ) बालबालिका,

(च) आफ्नो हेरचाह आफै गर्न नसक्ने,

(छ) अपाङ्ता भएका,

(ज) सामाजिक रुपमा पछाडी परेको वर्ग /समुदाय,

(झ) विपद्, महामारी, बेरोजगारी या न्युन आय (चरमगरिबी) का कारण जिवनयापनका आधारभुत आवश्यकता (भोजन, लत्ता कपडा, आवास, औषधि, शिक्षा) बाट वञ्चित

अवस्थाका व्यक्ति/ परिवार

(ञ) यौनिक अल्पसंख्यक,

(ट) अनौपचारिक क्षेत्रमा शारीरिक श्रमका काम गर्ने श्रमिकहरु

४. सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रम:

(१) लक्षित वर्ग तथा समुदायको सर्वाङ्गीण विकासमा टेवा पुर्‍याउन देहायका विषयमा नगरपालिकाले सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ:–

(क) बालक, वृद्ध,असहाय वा अपाङ्गहरूको हित र कल्याण गर्न,

(ख) विकासका लागि जनसहभागिता वृद्धि गर्न र महिलाहरुको हक हितको संरक्षण र संवर्द्धन गर्न ।

(ग) बाल अपराध, लागू पदार्थ दुर्व्यसन वा अन्य कुलत तथा सामाजिक विकृतिबाट पीडित व्यक्तिहरुलाई मर्यादित र सम्मानित जीवन यापन गराउन,

(घ) बेरोजगार, गरीब वा अशिक्षित व्यक्तिहरुका लागि सम्मानित जीवन यापन गराउन,

(ङ) धार्मिक स्थल तथा गुठीहरुको क्रियाकलापहरुलाई व्यवस्थित गराउन,

(च) पिछडिएको समुदाय वा वर्गको हितको निमित्त आवश्यक व्यवस्था गर्न ।

(छ) हिंसा,दुर्व्यवहार,द्वन्द,महामारी र प्राकृतिक प्रकोपबाट पिडितका लागि पुनर्स्थापना केन्द्र स्थापना गर्न,

(ज) हरेक क्षण (दैनिक क्रियाकलापका लागि समेत) संरक्षक /हेरालु/सुसारे आवश्यक पर्ने अवस्थाका अति अशक्त अपाङ्ग, एकल महिला वा पुरुष,गम्भीर प्रकारको मानसिक रोगले विक्षिप्त बिरामी,वेवारिसे शिशु या अन्य उमेरका भईकन पनि संकटमा परेका वेवारिसे व्यक्तिको हेरचाहका लागि आवश्यकता अनुसार स्याहार सुसार तथा संरक्षण गर्ने व्यक्ति खटाउन वा संरक्षकलाई आर्थिक व्यवस्थापन गर्न र आवश्यकता बमोजिम उपचार केन्द्र,पुनर्स्थापना केन्द्र वा सुधार केन्द्रमा पुऱ्याउन/राख्न,

(झ) अनाथ, असहाय,अपाङ्ग र जेष्ठ नागरिकहरुका लागि आश्रय स्थल र स्थायी प्रकारका आवास या आश्रम निर्माण गर्न ।

(ञ) विपद,चरम गरिबी या अन्य कारणबाट घरवास विहिन अवस्थामा रहेका अत्यन्तै दयनीय अवस्थाका गरिवहरुलाई घर–आवास निर्माण तथा मर्मत कार्यमा सहयोग पुऱ्याउन,

(ट) प्राविधिक धार तर्फ स्नातक र अन्य जुनसुकै विषयमा स्नातकोत्तर तहको प्रमाण – पत्र प्राप्त गरेर पनि बेरोजगार रहनु परेका र राज्यबाट सुविधा पनि नपाउने/सुविधाका अन्य श्रोत पिन नभएका अवस्थाका जनशक्ति (युवा बेरोजगार) लाई जीवन निर्वाह खर्च वा आर्थिक सहायता उपलब्ध गराउन,

(ठ) फरक क्षमता भएका विद्यार्थीहरुका लागि विशेष शिक्षालय तथा सीप विकास केन्द्र संचालन गर्न,

(ड) द्वन्द प्रभावित या हिंसा पीडित भई सहाराको खोजिमा रहेकाहरुका निम्ति उपचार केन्द्र,सुधार केन्द्र तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

(ढ) वीमा गरिदिन/वीमामा सहुलियतको व्यवस्था गर्ने ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि कार्यक्रम नगरपालिकाको दफा ५ बमोजिमको समितिमा आवद्ध सो सम्बन्धि कार्य गर्ने सामाजिक संघ संस्था मार्फत पनि गर्न सक्नेछ ।

५.सामाजिक सुरक्षा तथा समाज कल्याण निर्देशक समिति गठन :

(१) सामाजिक संघ संस्थाहरूको समन्वय, सहयोग परिचालन र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रम सञ्चालन गर्न सामाजिक सुरक्षा तथा समाज कल्याण निर्देशक समिति गठन गरिनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन्:-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत– सदस्य

(घ) नगरपालिकाका विषयगत समितिका संयोजकहरु – सदस्य

(ङ) कम्तिमा एकजना महिला पर्ने गरी कार्यापालिका सदस्यहरूमध्येबाट कार्यापालिकाद्वारा सिफारिस दुई जना –सदस्य

(च) नगरपालिकामा क्रियाशिल लक्षित समुदायका नगरस्तरिय सञ्जालहरु मध्ये समितिबाट मनोनित ३ जना -सदस्य

(छ) सामाजिक विकास समितिको सदस्य सचिव – सदस्य सचिव

(३) मनोनीत सदस्यहरूको पदावधि तिन वर्षको हुनेछ र निजहरु पुनः मनोनित हुन सक्नेछन् ।

(४) नगरकार्यपालिकाले समितिको कारण सहितको सिफारिसमा समितिका सदस्यहरु हेरफेर गर्न सक्नेछ ।

६. समितिको बैठक र निर्णयः

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा कम्तीमा वर्षको दुई पटक बस्नेछ।

(२) समितिको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत उपस्थित भएमा समितिको बैठकको लागि गण पुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा नगर उप प्रमुखले र अध्यक्ष तथा उपप्रमुख दुवैको अनुपस्थितिमा अध्यक्षले सिफारिस गरेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकको निर्णय वहुमतका आधारमा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. बैठक भत्ता सम्बन्धी व्यवस्थाः

यस ऐन बमोजिम गठन भएका समिति र उपसमितिले तोकिए बमोजिम बैठक भत्ता र खाजा खर्च पाउनेछन् ।

८. समितिको काम, कर्तव्य र अधिकारः

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने,

(ख) सामाजिक संघ संस्थालाई सहयोग गर्ने, तिनीहरूका बीच समन्वय गर्ने र तिनीहरूको कामको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने, गराउने ।

(ग) सामाजिक संघ संस्थाहरूको स्थापना, विकास, विस्तार र सुदृढीकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने ।

(घ) नगरपालिका र सामाजिक संघ संस्थाहरू बीच समन्वयकर्ताकोरूपमा कार्य गर्ने, गराउने ।

ङ) समाज कल्याण कार्य तथा समाज सेवा सम्बन्धी नीति निर्माण तथा कार्यक्रम तर्जुमा सम्बन्धमा नगरकार्यापालिकालाई आवश्यक परामर्श दिने ।

(च) समाज सेवामा संलग्न समितिसँग आवद्ध संघ संस्थाहरूका लागि सूचना तथा अभिलेख केन्द्रका रूपमा कार्य गर्ने, गराउने ।

(छ) समाज कल्याण कार्यसँग सम्बन्धित विषयमा तालीम दिने, अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(ज) समितिसँग आवद्ध सामाजिक संघ संस्थाहरूको भौतिक सम्परीक्षण गर्ने, गराउने ।

(झ) यो ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

(ञ) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउन र प्राप्त सहयोग रकमको सुव्यवस्था गर्ने, गराउने।

(ट) सामाजिक सुरक्षा तथा समाज कल्याणसँग सम्बन्धित वार्षिक कार्यक्रम, बजेट तथा आवश्यक नीतिगत विषयहरूलाई तयार गरी नगरकार्यापालिकामा पेश गर्ने ।

(ठ) नगरपालिका भित्र क्रियाशिल सामाजिक सुरक्षा तथा समाज कल्याण कार्यक्रम सञ्चालन गर्ने सामाजिक संघ संस्थाहरुलाई समितिमा आवद्ध गर्ने, गराउने ।

(ड) नगरपालिकामा विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघ संस्था वा नियोगबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गर्न आवश्यक समन्वय गर्ने।

९. समिति तथा उपसमिति गठन गर्न सक्ने

(१) परिषद्ले आफ्नो कार्य सञ्चालनलाई प्रभावकारी र सहजरुपमा सञ्चालन गर्न सामाजिक विकास समितिको संयोजकको संयोजकत्वमा समन्वय समिति र समितिका अन्य सदस्यको संयोजकत्वमा विभिन्न उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति/उपसमितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

१०. संजाल गठन गर्न सक्नेः

(१) दफा ३ बमोजिमका लक्षित वर्ग समुदायले सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न र नगरपालिकालाई आवश्यक सहयोग,समन्वय गर्न तोकिए बमोजिम नगरस्तरिय/वडा स्तरिय लक्षित समुदाय संजाल गठन गर्न सक्नेछन् ।

(२) दफा ३ मा उल्लेखित लक्षित वर्ग बाहेक सामाजिक मूलप्रवाहीकरणका लागि सशक्तिकरणको आवश्यकतामा रहेका समुदायहरु (महिला, दलित, आदिवासी, जनजाति, अल्पसंख्यकहरु समेत) का यसै दफा बमोजिम वडा स्तरिय/नगरस्तरिय सञ्जाल गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गठन हुने सञ्जालहरुको गठन प्रक्रिया ,काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

११. समितिमा आवद्ध हुनु पर्ने :

(१) प्रचलित कानुन बमोजिम नगरपालिका र अन्य निकायमा दर्ता भई सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि कार्य गर्ने सामाजिक संघसंस्थाहरु समितिसँग अनिवार्य रुपमा आवद्ध हुनु पर्नेछ । आवद्धताको लागि सामाजिक संघ संस्थाहरूले तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने सामाजिक संघ संस्थाहरूले निवेदनसाथ आफ्नो विधान, कार्य समितिको सदस्यहरूको नाम, पेशा, ठेगाना र संस्था दर्ता भएको कार्यालय र मिति समेत स्पष्ट खोल्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी सम्बन्धित सामाजिक संघ संस्थालाई समितिसँग आवद्ध गर्न उपयुक्त देखेमा समितिले तोकिए बमोजिम दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) समितिसँग आवद्ध सामाजिक संघ संस्थाले तोकिए बमोजिम आफूलाई समितिबाट अलग गर्न सक्नेछ ।

१२. अनुमति लिनु पर्नेः

(१) नगरपालिका भित्र काम गर्न चाहने गैर सरकारी संघ संस्थाले काम गर्नु अघि समिति समक्ष काम गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले बढीमा २ महिनाभित्र समितिको सिफारिसमा नगरकार्यापालिकाले निर्णय गरी अनुमति दिन सक्नेछ ।

१३. सम्झौता गर्नु पर्नेः

दफा १२ को उपदफा (२) बमोजिम अनुमति प्राप्त गरेका गैर सरकारी संघ संस्थाले नगरपालिका भित्र कार्य सञ्चालन गर्नु अघि समितिसँग संझौता गर्नु पर्नेछ ।

१४. विधान सम्बन्धी व्यवस्थाः

समितिमा आवद्ध हुन चाहने सामाजिक संघ संस्थाहरूको विधानमा प्रचलित कानुनमा उल्लेख

भएका कुराहरूको अतिरिक्त दफा ४ मा उल्लेखित सामाजिक सुरक्षा तथा समाज कल्याण

कार्यक्रम सञ्चालन गर्ने विषयहरु समावेश भएको हुनु पर्नेछ ।

१५. संघीय कानुन बमोजिम हुनेः

(१) समितिमा आबद्ध कुनै पनि सामाजिक संघ संस्थाले नेपाल सरकार, प्रदेश सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघ संस्था वा नियोगबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गर्ने प्रक्रिया प्रचलित संघिय/प्रदेश कानुन बमोजिम प्राप्त गर्नुपर्नेछ ।

तर त्यस्तो सहयोग प्राप्त गर्नु अघि अनुमतिको लागि सहयोग प्राप्त गर्न चाहेको कार्य वा परियोजनाको प्रस्ताव र अन्य विवरण सहित तोकिए बमोजिम समिति समक्ष निवेदन दिनु पर्नेछ । तत्काल सम्पन्न गर्नु पर्ने कार्यक्रमको हकमा भने वार्षिक दुई लाख रुपैयाँसम्मको सहयोग समितिलाई पूर्व जानकारी दिई लिन सकिनेछ र सो काम सम्पन्न भएपछि तीन महीनाभित्र समितिमा प्रतिवेदन दिनु पर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम अनुमतिको लागि निवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरि बढीमा एक महिना भित्र स्वीकृति दिनुपर्नेछ । समितिले नगरपालिकाको हित प्रतिकूल हुने देखिएको कार्य वा परियोजनालाई अस्वीकृत गर्न सक्नेछ । अनुमति विना सञ्चालित कार्य वा परियोजनाको कार्यन्वयनमा रोक लगाउन कार्यापालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धी अनुरूप स्थापित संस्थाहरूले आकस्मिक उद्धार सेवाका लागि प्राप्त गर्ने

सहायताका हकमा भने समितिसँग पूर्व स्वीकृति लिनु पर्ने छैन तर त्यस्तो सहायता प्राप्त गरेपछि समितलई जानकारी दिनु पर्नेछ ।

(४) समितिले चाहेमा समितसँग आबद्ध सामाजिक संघ संस्थाहरूको हिसाव किताव सम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१६. दोहोरो सामाजिक सुरक्षा नपाउनेः

(१) सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने र नेपाल सरकार, प्रदेश

सरकार वा स्थानिय तहको पूर्ण वा आशिंक स्वामित्व भएको संङ्गठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा, वा अन्य सुविधा पाइरहेका व्यक्तिले दोहोरो पर्ने गरि कुनै पनि नियमित सामाजिक

सुरक्षा भत्ता पाउने छैनन् तर अन्य प्रकारको सामाजिक सुरक्षा पाउन यस ऐनले बाधा पार्ने छैन ।

१७. अधिकार प्रत्यायोजनः

(१) समितिले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार दफा ९ बमोजिमको समिति/उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. निलम्बन वा विघटन गर्न सकिने:

(१) समितिसँग आवद्ध भएका वा नगरपालिका मार्फत आर्थिक सहयोग प्राप्त गरि कार्यक्रम सञ्चालन गर्ने कुनै सामाजिक संघ संस्थाको कार्य समितिले प्रचलित कानुन वा आफ्नो विधान विपरीत काम गरेमा त्यस्तो कार्य समितिलाई समितिको सिफारिसमा नगरकार्यापालिकाले तोकिएको अवधिसम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।तर त्यसरी निलम्बन वा विघटन गर्नु अघि त्यस्तो कार्य समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिईनेछ,

(२) उपदफा (१) बमोजिम कुनै सामाजिक संघ संस्थाको कार्य समिति निलम्बन भएमा निलम्बन फुकुवा नभएसम्म र विघटन भएमा नयाँ कार्य समिति गठन नभएसम्म त्यस्तो संघ संस्थाको कार्य सञ्चालन गर्न समितिले सो संघ संस्थाको साधारण सदस्यहरू मध्येबाट एउटा तदर्थ समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै सामाजिक संघ संस्थाको कार्य समिति विघटन भएको कारणबाट उपदफा (२) बमोजिम गठित तदर्थ समितिले त्यसरी गठन भएको मितिले तीन महिनाभित्र त्यस्तो संघ संस्थाको विधान बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

१९. वार्षिक प्रतिवेदन:

(१) समितिले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिनाभित्र आफूले गरेको काम कारवाईको विस्तृत विवरण सहितको बार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) समितिसँग आवद्ध सामाजिक संघ संस्थाले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र लेखा परीक्षणको प्रतिवेदन सहित आफूले गरेको कामको विवरण देखिने गरी समिति समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ

२०. बाधा अड्काउ फुकाउने अधिकार:

यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगरसभाले मुसिकोट राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

२१. नियम बनाउने अधिकारः

यस ऐनको उद्‌देश्य पूर्तिका लागि नगरकार्यापालिकाले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

प्रमाणिकरण मिति
२०८०।१०।१५

आज्ञाले,
विनोद कुवंर
प्रशासकीय
अधिकृत

मूल्यरू २०

मुसिकोट